लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या: ७ मिति : २०८००८--०१

(भाग —२)

# लेटाङ नगरपालिका

## लेटाङ नगरपालिकाको श्रमिक सञ्चालन कार्यविधि,२०८०

# लेटाङ नगरपालिकाको श्रमिक सञ्चालन कार्यविधि,२०८०

**कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०७/२४ गते**

**प्रमाणिकरण मिति २०८०/ ०८ /०१ गते**

**प्रस्तावनाः**

नेपालको संविधानले आर्थिक समानता, सम्वृद्धि र सामाजिक न्यायको सुनिश्चितता गर्न समानुपातिक, समावेशी र सहभागितामुलक सिद्धान्तका अधारमा समतामूलक समाजको निर्माण गर्न लेटाङ नगरपालिकामा शारीरिक श्रम गर्ने श्रमिक र साना व्यवसायीको हित र निजहरुको पेशागत सुरक्षामा सघाउ पुऱ्याउन श्रमिक हित कोष स्थापना गरी सञ्चालन गर्न आवश्यक देखिएकोले लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ ले दिएको अधिकारको प्रयोग गरी "लेटाङ नगरपालिकाको श्रमिक सञ्चालन कार्यविधि, २०८०" जारी गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लेटाङ नगरपालिकाको श्रमिक सञ्चालन कार्यविधि,२०८०" रहेको छ ।

(२) यो कार्यविधि लेटाङ नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) " उपाध्यक्ष" भन्नाले कार्यविधिको दफा ७ बमोजिम मनोनित उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले लेटाङ नगरपालिकालाई सम्झनु पर्छ।

(घ) "नगर प्रमुख" भन्नाले लेटाङ नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लेटाङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(च) "श्रमिक" भन्नाले निर्माण, यातायात, साना उद्योग, जडान, रंगरोगन, कृषि तथा अन्य क्षेत्रमा शारीरिक श्रम गर्ने दक्ष र अदक्ष श्रमिकलाई सम्झनु पर्छ।

(छ) "साना निर्माण व्यवसायी" भन्नाले घ वर्गको प्रमाण पत्र प्राप्त नगरेका निर्माण व्यवसायमा सम्लग्न भई नगरपालिकामा सूचिकृत व्यवसायी सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठन भएको श्रमिक संञ्चालन समितिलाई सम्झनु पर्छ।

(ञ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

(ट) "हितकोष भन्नाले" श्रमिक हितको लागि नगरपालिकामा स्थापना गरिएको श्रमिक हितकोषलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## समिति गठन सम्बन्धी व्यवस्था

३. **समितिको गठनः** (१) लेटाङ नगरपालिकामा रहेको श्रमिक परिचालन र श्रमिक हितकोष सञ्चालन सम्बन्धि काम गर्न देहायका सदस्यहरू रहेको श्रमिक सञ्चालन समिति रहनेछ;

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगरपालिका क्षेत्र भित्र रहेका श्रम गर्ने व्यक्ति वा सो क्षेत्रको हक, अधिकार र विकासको क्षेत्रमा क्रियाशिल आधिकारिक ट्रेड यूनियनमा आवद्ध भई काम गरेको व्यक्तिहरू मध्येबाट समितिले मनोनित गरेको १ जना – उपाध्यक्ष

(ग) सामाजिक विकास समितिको संयोजक – सदस्य

(घ) सामाजिक विकास शाखा प्रमुख वा शाखाको अधिकृत कर्मचारी – सदस्य

(ङ) नगरपालिका क्षेत्र भित्र रहेका श्रमिक क्षेत्रको हक, अधिकार र विकासका लागि क्रियाशिल आधिकारिक ट्रेड यूनियनले तोकेको कम्तिमा १ जना महिलाको प्रतिनिधित्व हुने गरी २ जना श्रमिक वा ट्रेडयूनियनकर्मी- सदस्य

(च) श्रमिकहरू मध्येबाट श्रम क्षेत्रमा विशेष योगदान दिएका व्यक्तिहरू मध्ये कम्तिमा १ महिलाको प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेका २ जना- सदस्य

(छ) श्रम तथा रोजगार हेर्न तोकिएको विषयगत शाखाका बरिष्ठतम कर्मचारी – सदस्य सचिव

(२) मनोनित सदस्यको पदावधि मनोनित भएको मितिले ३ वर्षको हुनेछ। तर सदस्यले राजिनामा दिएमा समितिले स्वीकृत गरेको मितिबाट पदमुक्त हुनेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधिः (क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ख) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) समितिको बैठक बस्नुभन्दा कम्तीमा तिन दिन अगाबै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ।

(घ) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पूगेको मानिनेछ।

(ङ)समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निर्णय प्रमाणिकरण सदस्य सचिवले गर्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः**(१) श्रमिक सञ्चालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) लेटाङ नगरपालिकामा श्रमिक र साना निर्माण व्यवसायीहरू सूचिकरण तथा परिचालन सम्बन्धि आवश्यक कार्यहरू गर्ने।

(ख) श्रमिक हितकोष स्थापना र सञ्चालन गर्ने,

(ग) श्रमिक हित कोषमा व्यवसायी र श्रमिकलाई आवद्ध गराउने,

(घ) सूचिकृत साना निर्माण व्यवसायी र श्रमिकको अध्यावधिक सूचि प्रकाशन गरी तीनको रोजगारी सुनिश्चित गर्न नगर क्षेत्रका जुनसुकै निर्माण सम्बन्धि विकास आयोजनासँग समन्वय गर्ने,

(ङ) श्रमिक हितकोषमा आवद्ध हुन लाग्ने सदस्य शुल्क हेरफेर गर्न नगरकार्यापालिकामा सिफारिस गर्ने,

(च) विमा कम्पनिहरूसँग समन्वय गरी श्रमिकको जीवन वीमा गराउने सम्बन्धि काम गर्ने,

(छ) हित कोषबाट विमा, औषधी उपचार खर्च तथा राहातको मापदण्ड कार्यान्वयन गर्ने,

(ज) व्यवसायी र श्रमिकको हित सम्बन्धी अध्ययन अनुसन्धान गर्ने,

(झ) व्यवसायीलाई विमामा आवद्ध हुन सहजीकरण गर्ने,

(ञ) श्रम ऐन कार्यान्वयनमा व्यवसायी, श्रमिक र ट्रेड युनियन बिच समन्वय गर्ने,

(ट) हितकोष, विमा र अन्य तिर्नुपर्ने बाँकी रकम जम्मा गराउने सम्बन्धी सहजीकरण गर्ने,

(ठ) हितकोष सदस्यता खारेज गर्ने,

(ड) हितकोषको लेखापरीक्षण गराउने,

(ढ) श्रमिक र व्यवसायीको हित सम्बन्धि आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने।

५. **श्रमिक सूचिकरण सम्बन्धि व्यवस्थाः** (१) कार्यविधिमा तोकिएका लक्षित क्षेत्रका श्रमिकहरू र साना निर्माण व्यवसायीहरू नगरपालिकामा सूचिकृत हुनुपर्नेछ। यस दफा अनुसार सूचीकरण गर्नका लागि श्रमिक सञ्चालन समितिमा सिफारिस गर्न देहायअनुसार ३ सदस्यीय उप समिति रहनेछ;

क) श्रमिक परिचालन समितिको अध्यक्ष वा निजले तोकेको समितिका सदस्य –संयोजक
ख) उपाध्यक्ष वा निजले तोकेको समितिमा प्रतिनिधित्व गर्ने श्रमिकको प्रतिनिधि - सदस्य
ग) समितिको सदस्य सचिव – सदस्य सचिव

(२) उपसमितिले सूचिकरणका लागि समितिको निर्णयानुसार सूचना प्रकाशन गर्ने र प्राप्त निवेदनको छानवीन गरी सूचिकरणका लागि समितिमा सिफारिस गर्ने।

(३) समितिको निर्णयानुसार सूचिकृत व्यवसायी र श्रमिकलाई सूचिकरणको प्रमाण दिने, नविकरण गर्ने, खारेज गर्ने अभिलेख राख्ने, हितकोष सदस्यता दिने र अभिलेख राख्नु पर्नेछ।

(४) नगरपालिकामा सूचिकृत हुनका लागि अनुसूची ४ बमोजिम निवेदन दिनुपर्नेछ

(५) सूचिकृत भएको परिचयपत्र अनुसूची ५ अनुसारको परिचयपत्र दिनुपर्नेछ।

६. **श्रमिक हितकोष सदस्यका लागि सूचिकृत हुने प्रक्रियाः** (१) यो कार्यविधि लागु भएपछि लेटाङ नगरपालिका क्षेत्र भित्र कार्य गर्ने निर्माण, यातायात, उद्योग, धारा विजुली जडान, रङ्गरोगन कारपेन्टरको काम गर्ने र नगरपालिकामा सूचिकरण भएका श्रमिक र साना निर्माण व्यवसायीले अनिवार्य रूपमा श्रमिक हितकोषको सदस्यता लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सदस्यता लिनका लागि देहायका कागजात सहित अनुसूची १ को ढाँचामा समितिमा निवेदन पेश गर्नु पर्नेछ।

(क) दक्ष श्रमिकको हकमा सम्बन्धित क्षेत्रको सीप सम्बन्धि तालिम लिएको प्रमाण पत्रको प्रतिलिपि वा व्यावसायी वा सम्बन्धित कामदारको ट्रेड युनियन संस्थाको सिफारिस तर अदक्ष श्रमिकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सूचिकृत सदस्य भएको परिचयपत्र,

(ग) समितिले तोकेको सदस्यता र नविकरण शुल्क जम्मा गरेको भौचर,

(घ) व्यवसायीको हकमा व्यवसाय अनुसार तोकिएको शुल्क जम्मा गरेको भौचर,

(ङ) प्रचलित कानून बमोजिम जीवन वीमा वा वीमा गरेको भए सोको प्रमाण,

(च) श्रम ऐन कार्यान्वय र पालना गर्ने प्रतिवद्धता।

नविकारण गर्ने प्रयोजनका लागि नियमित रूपमा श्रमिक कोषमा योगदान गरेको प्रमाण।

(३) निर्माण व्यवसायी र श्रमिकहरूले देहायबमोजिम सदस्यता शुल्क वार्षिक रूपमा कोषमा जम्मा गर्नुपर्नेछः

(क) साना निर्माण व्यवसायी रू २,०००।

(ख) दक्ष श्रमिक रू ८५०।

(ग) अदक्ष श्रमिक रू ६००।

(घ) नविकरणका लागि प्रत्येक वर्ष उल्लिखित शुल्क तिर्नु पर्नेछ।

(ङ) सदस्य हुन योग्य श्रमिक र व्यवसायीलाई समितिले आवश्यक जाँचबुझ गरी अनुसूची २ बमोजिमको सूचिकृतको प्रमाणपत्र दिनुपर्नेछ प्रमाणपत्र प्राप्त व्यक्ति हितकोषमा सूचीकृत भएको मानिनेछ। हितकोष सदस्यको अभिलेख रोजगार सेवा केन्द्रले राखी नियमित रूपमा नविकरण तथा अध्यावधिक गर्नुपर्नेछ।

(च) साना निर्माण व्यवसायीले खण्ड (क) को अतिरिक्त सूचिकृत हुनको लागि रू २०००/ एकपटक र नविकरण गर्न वार्षिक १०००/ राजश्व समेत नगरपालिकामा जम्मा गर्नुपर्नेछ।

(४) यो कार्यविधि लागु भए पछि नगरक्षेत्रमा निजी घर निर्माण गर्दा नगरपालिकाको सूचिकृत निर्माण व्यवसायीसँग मात्र गर्ने व्यवस्था गर्नुपर्नेछ। तर अन्य पालिकामा सूचिकृत भएको प्रमाणपत्र भएको व्यवसायिबाट गराउन चाहेमा अन्य नगरपालिकाको सूचिकृत भएको प्रमाणपत्र सहित दफा ६(३) च बमोजिम राजस्व सहित सुचिकृत भएको हुनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम भए नभएको अनुगमन नगरपालिकाको घर नक्सा उपशाखा र समितिबाट हुनेछ।

(६) कोषबाट सदस्यहरूलाई दिने सेवा सुविधाः सदस्यहरूको दुर्घटना वा विपदमा परी भएको क्षतिमा राहात रकम दिन समितिले जाँचबुझ र निर्णय गरी देहाय अनुसार राहात रकम हितकोषबाट दिनेछ।

क) वार्षिक रूपमा १०० जना(श्रमिक) सम्मको लागि ५,००,०००। पाँच लाख रूपैयासम्मको वीमा कम्पनीसँगको सहकार्यमा नियमानुसार हुने दुर्घटना जीवन वीमा र औषधी उपचार,

ख) श्रमिकको दक्षता अभिवृद्धि गर्न तालिम सञ्चालन,

ग) साना निर्माण व्यवसायीको व्यवसाय गर्ने मालसामान वा उपकरणमा विपद् वा दुर्घटनाबाट क्षती भएको भएमा उपदाफा ७ को (क) र (ख) को कागजात सहित पुष्टि भएमा समितिको निर्णयानुसार बढीमा रू १ लाख सम्म राहात रकम

घ) सदस्यहरू कार्यक्षेत्रमा हुने दुर्घटना तथा विरामी पर्दा उपचारमा लागेको रकमको ५०% रकम बढीमा रू ५००००। (रू पचास हजारमा नबढ्नेगरी) उपचार रकम यस दफामा तोकिएको रकमको सीमा भित्र रही एक व्यक्तिलाई वर्षमा दुइ पटकसम्म भएको घटनाको लागि मात्र दिन सकिनेछ,

ङ) कार्यस्थलमा दुर्घटना भएमा हितकोषमा रकम दाबी गर्न उपदफा (७) बमोजिम आवश्यक प्रमाण पेश गर्नुपर्नेछ ।

च) यस दफा बमोजिम वितरण गरिएको राहात र विमाको रकम विवरण अध्यावधिक राख्ने दायित्व रोजगार सेवा केन्द्रको हुनेछ।

तर यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि हितकोष सञ्चालन भएको छ महिना पछि मात्र राहात तथा सुविधाहरू उपलब्ध गराइनेछ।

(७) उपदफा (६) बमोजिम सेवा सुविधावापत रकम माग तथा भुक्तानीका लागि आवश्यक कागजात;

क) हितकोष नियमित नविकरण गरिएको प्रमाण,

ख) कार्यस्थलमा दुर्घटना भएको र क्षती भएको भन्ने स्थानीय प्रहरी र जनप्रतिनिधिको रोहवरमा भएको सर्जमिन मुचुल्का,

ग) सरकारी अस्पतालको डाक्टरको एक्सरे, भिडियो एक्सरे र अन्य जाँचको रिपोर्ट सम्बन्धि प्रतिवेदन,

घ) अस्पतालमा उपचार गराएको वील भर्पाई सक्कल प्रति,

ङ) दुर्घटनाको समयमा मध्यपान वा लागुपदार्थ प्रयोग नगरेको खुल्ने अस्पतालको परीक्षण प्रतिवेदन।

च) यस दफाको प्रयोजनका लागि दुर्घटना भन्नाले कार्य क्षेत्रमा काम गर्दैगर्दाको अवस्थामा मेसिन औजार उपकरणबाट लागेको चोटपटक, भवितव्य परी लडेर घाइते भएको, काम गर्दागर्दै शारीरिक क्षती हुने घटना सम्झनु पर्छ।

तर मादक पदार्थ सेवन, लागु पदार्थ सेवन र आपसी झै-झैझगडा गरी भएको घटनाको लागि कोषबाट कुनै पनि रकम दिन पाईने छैन।

**७. उपाध्यक्ष सम्बन्धी व्यवस्थाः** (१)श्रमिक कोष सञ्चालन समितिमा एक जना उपाध्यक्ष रहनेछ। उपाध्यक्षको मनोनयन श्रमिक सञ्चालन समितिको निर्णयबाट हुनेछ।

(२) उपाध्यक्षको पदावधी बढीमा ३ वर्षको हुनेछ। तर दुई कार्यकालमा नबढ्नेगरी पुन मनोनयन हुन बाधा पर्ने छैन।

(३) समितिले गठन गर्ने कार्य सम्पादन उप समितिको संयोजक भई कार्य गर्नु पर्नेछ ।

(४) उपाध्यक्ष मनोनयन पत्रको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ।

**८. समिति पदाधिकारीको योग्यता, सेवा, शर्त र सुविधा सम्बन्धि व्यवस्थाः** (१) समितिका पदाधिकारी र सदस्यले नियमित पारिश्रमिक वा अन्य सुविधा पाउने छैनन्।

(२) समितिको सदस्यहरूको कामको जिम्मेवारी समितिले तोकेबमोजिम हुनेछ।

(३) समितिको निर्णय कार्यान्वयन गर्न समितिले विषय र क्षेत्रगत श्रमिकको सम्पर्क व्यक्ति तोक्न सक्नेछ।

(४) उपाध्यक्षको योग्यताः समितिमा उपाध्यक्ष मनोनयनका लागि देहायको योग्यता हुनुपर्नेछ;

क) माध्यमिक शिक्षा परीक्षा (SEE) वा सो सरह उत्तीर्ण गरी निर्माण व्यवसायी वा श्रमिकको रूपमा ५ वर्ष काम गरेको अनुभव प्राप्त,

ख) बैक, वित्तीय संस्था र व्यक्तिगत फिर्ता वा चुक्ता गर्न बाँकी नरहेको,

ग) असल आचरण भएको,

घ) २५ वर्ष उमेर पूरा भई ५० वर्ष नपुगेको,

ङ) नेपाली नागरिक

(५) सदस्यकोलागि योग्यताः कार्यविधिको दफा ३ (१) को खण्ड (ङ) र (च) अनुसार सदस्य हुनको लागि दफा ६ उपदफा (१) को क्षेत्रहरूमा श्रमिक र निर्माण व्यवसायीको रूपमा काम गर्ने १८ वर्ष उमेर पुगेका श्रमिक र व्यवसायी नेपाली नागरिक हुनुपर्नेछ।

**९. पदाधिकारीको पदीय आचरण एवम् दायित्वः** (१) उपाध्यक्ष र सदस्यहरू नेपालको संविधान, प्रचलित कानुन तथा नेपाल सरकार र स्थानीय सरकारको नीति तथा कार्यक्रमप्रति पूर्ण रुपमा वफादार एवम् जवाफदेही हुनुपर्नेछ। राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, स्वाभिमान र सामाजिक एवं सांस्कृतिक सद्भावको सम्मान, संरक्षण, प्रवर्द्धन र श्रमिकको हित सुरक्षित गर्नु निजको दायित्व हुनेछ।

(२) श्रमिकको आचरण एवम् दायित्वः श्रमिकले अनुशासित भै आफु, परिवार, कार्यरत पेशा, समाज र देश प्रति जिम्मेवार भै सबैसँग मर्यादित व्यवहार गर्नु पर्नेछ।

**१०. समितिको सम्पर्क कार्यालयः** (१) समितिको सम्पर्क कार्यालय नगरपालिकामा रहनेछ। नगरपालिकाले प्रशासनिक कार्यको व्यवस्थापन गर्नेछ।

**११.कार्य सम्पादन उप समितिः** (१) समितिको कार्य सम्पादनमा सहजताका लागि उपाध्यक्षको संयोजकत्वमा बढीमा तीन जनाको कार्य सम्पादन उप समिति गठन गर्न सक्नेछ। संयोजकले उप समितिबाट सम्पादन भएका कार्यको जानकारी समितिको बैठकमा पेश गर्नु पर्नेछ।

(२) उप समितिले गरेको काम समितिले अनुमोदन गर्नु पर्नेछ।

## परिच्छेद-३

## हितकोष स्थापना र सञ्चालन सम्बन्धि व्यवस्था

**१२. हितकोषः**(१) लेटाङ नगरपालिकामा यस कार्यविधिले तोकिएको क्षेत्रमा कार्यरत श्रमिक र साना निर्माण व्यवसायीको हकहितमा काम गर्न एक श्रमिक हितकोष स्थापना गरी सञ्चालन गरिने छ।

(२) उपदफा (१) को प्रयोजनका लागि राष्ट्रिय वाणिज्य वैंकमा समितिको एक चालु खाता रहने छ।

(३) कोषको खाता सञ्चालन समितिको निर्णयानुसार समितिको अध्यक्ष वा अध्यक्ष्यले तोकेको समितिको उपाधक्ष वा सदस्य र सदस्य सचिवको नामबाट सञ्चालन हुनेछ।

(४) हितकोषमा जम्मा हुने रकमः

क) नगरपालिकाबाट प्राप्त अनुदान
ख) सदस्यबाट प्राप्त सदस्यता र नविकरण शुल्क
ग) अन्य शुल्क तथा अनुदान
घ) यस कार्यविधि अनुसार असुल गरिएको जरिवाना वा बाँकी रकम
ङ) सरकारबाट प्राप्त अनुदान

(५) हितकोषबाट देहायको शीर्षकमा खर्च गर्न सकिनेछः
क) सदस्यको औषधि उपचार खर्च/अनुदान
ख) कार्यविधि अनुसार राहात रकम
ग) तालिम सञ्चालन गर्न प्रशिक्षक र सामग्री व्यवस्थापन
घ) व्यवसायीको क्षतिपूर्ति राहात रकम
ङ) विमा गर्न आवश्यक प्रिमियम रकम भुक्तानी गर्न
च) सञ्चालन तथा व्यवस्थापन खर्च

(६) हितकोषमा कुनै सदस्यले ५ वर्ष वा सो भन्दा बढी अवधि सम्म नियमित योगदान गरिसकेपछि योगदान अवधिमा कुनै पनि सुविधा नलिएको अवस्थामा श्रमिकले पेशा र हितकोषबाट अलग हुन चाहेमा निजले क्रमशः ५ देखि १० वर्ष सम्म नियमित योगदान गरेको भए ७० प्रतिशत, १० देखि १५ वर्ष सम्म नियमित योगदान गरेको भए ८० प्रतिशत र १५ पूरा भइ २० वर्षभन्दा कम योगदान गरेको भए ९० प्रतिशत र २० वर्ष र सो भन्दा बढी योगदान गरेको भए १०० प्रतिशत साँवा रकम हितकोष सञ्चालनमा बाधा नपर्ने गरी आर्थिक वर्ष समाप्त भए पश्चात समितिको निर्णयानुसार फिर्ता गर्न सकिनेछ। यसको लागि समितिले आवश्यक मापदण्ड तयार गरी लागु गर्नेछ।

(७) हितकोषबाट खर्च गर्दा समितिको निर्णयले प्रचलित कानूनको सर्त मापदण्डहरू पालना गरेरमात्र गर्नुपर्नेछ।

## परिच्छेद-४
## विविध

**१३. निर्देशन दिन सक्नेः** (१) नगर कार्यपालिका वा नगर सभाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ। त्यसको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**१४. थपघट र हेरफेरः** (१) मुलुक र नगरको आवश्यकता, प्राथमिकता एवम् सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले कानुनसँग नबाझिने गरी यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

**१५. दण्ड, जरिवाना र सजायको व्यवस्थाः** (१) कार्यविधिमा तोकिएको कार्यसम्पादन गर्दा प्रचलित कानुनको पालना गर्नु पर्ने छ। कानुनको पालना नगर्ने पदाधिकारी वा कर्मचारीलाई देहायको अवस्थामा प्रचलित संघीय कानुन र कार्यविधि बमोजिम दण्ड, जरिवाना र सजाय गर्न वा सरकारी बाँकी सरह असुल गर्न गराउन सकिनेछ।

(क) सरकारी सम्पति, हितकोष वा पदको दुरूपयोग गरी हिनामिना गरेमा, डर तथा प्रलोभनमा पारेको पाइएमा,

(ख) हितकोषको रकम हिनामिना र दुरूपयोग गरेमा,

(ग) हितकोषमा योगदान, परिचालनमा झुटा विवरण तयार गरेको पईएमा,

(घ) कोषमा सर्त तथा मापदण्ड अनुसार फिर्ता गर्नुपर्ने रकम समयमा फिर्ता नगरेको प्रमाणित भएमा,

(ङ) पदाधिकारीले पदिय जिम्मेवारी पूरा नगरी पटक पटक आचरण विपरित कार्य गरेमा,

(२) उल्लिखित अनुसार कार्य गर्ने श्रमिक, पदाधिकारी र साना निर्माण व्यवसायीलाई समितिले स्पष्टीकरण लिने, सफाईको मौका दिने, चेतावनी दिने, बरबुझारथ गर्न लगाउने, जरिवाना तोकी असुल गर्ने, कानूनबमोजिम मुद्दा लगाउने र पदबाट हटाउने कार्यहरू गराउन सक्नेछ।

(३) उपदफा (२) मा उल्लिखित बाहेकका दण्ड, सजाय र जरिवाना प्रचलित कानुन बमोजिम हुनेछ।

(४) सूचिकृत हुने साना व्यवसायी र श्रमिकले नियमित नविकारण नगरेमा समितिले सदस्यता खारेज गरी सूचीबाट हटाउनेछ।

(५) निर्माण व्यवसायीले यस कार्यविधि विपरित काम गरेमा कालोसूचिमा राख्न सक्नेछ।

**१६. खारेजी र बचाउः** (१)यस अघि नगरपालिकाबाट यस सम्बन्धी भए गरेका कामहरू यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

**१७. बाधा अड्काउ फुकाउः** (१) यो कार्यविधिमा भएका व्यवस्थाहरू संघीय कानुन र प्रदेश कनुनसँग बाझिएमा त्यसरी बाँझिएको हद सम्म संघीय कानुन बमोजिम हुनेछ।

**१८. कार्यविधि कार्यान्वयनमा कुनै समस्या भएमा नगरकार्यकापलिकाको निर्णय अन्तिम हुनेछ।**

## अनुसूची १

दफा ६(२) को (१)अनुसार

हितकोषमा सूचिकृत हुनकोलागि निवेदनको ढाँचा

मितिः

श्रीमान् अध्यक्ष ज्यू,

श्रमिक सञ्चालन समिति, लेटाङ नगरपालिका लेटाङ मोरङ।

विषयः हितकोषको लागि सूचिकरण हुन निवेदन पेश गरेको सम्बन्धमा।

प्रस्तुत विषयमा लेटाङ नगरपालिकाको निर्माण व्यवसायी वा.................... क्षेत्रमा कार्यरत म लेटाङ न.पा. वडा नं....... वस्ने म........................... ................ यस नगरपालिकाको श्रमिक सञ्चालन कार्यविधि, २०८० अनुसार हितकोषको सदस्यको रूपमा आवद्ध हुनको लागि तपशिलको कागजात सहित यो निवेदन पेश गरेको छु।

तपशिलः

नेपाली नागरिकताको फोटोकपी १ थान

व्यवसायको विमा गरेको भए सो खुल्ने प्रमाण १ थान

सदस्यता शुल्क तिरेको रशिद १ थान

निवेदकको नाम थर

नागरिकता प्र.प.नं.

सही

मितिः

**अनुसूची २**

दफा ६(३) को (ङ)अनुसार

हितकोषमा सूचिकृत भएको प्रमाण-पत्र

मितिः

श्री ..................................................ज्यू,

......................................, लेटाङ नगरपालिका ...... मोरङ।

प्रस्तुत विषयमा लेटाङ नगरपालिकाको श्रमिक सञ्चालन समितिको मिति २०.............. को निर्णयानुसार तपाईँ/तपाईको कम्पनीलाई श्रमिक हित कोषको सदस्यको रूपमा सुचिकृत गरि यो प्रमाण पत्र प्रदान गरिएको छ।नविकरण मिति प्रत्येक आर्थिक वर्षको असार मसान्त रहेको छ।

सुचिकृत हुने अधिकारी

नामः

सदस्य सचिवः

हस्ताक्षरः

मितिः

**अनुसूची ३**

दफा ७(४) सँग सम्बन्धित

उपाध्यक्ष मनोनय गरिएको पत्र

मितिः

श्री ..................................................ज्यू,

......................................, लेटाङ नगरपालिका ...... मोरङ।

प्रस्तुत विषयमा लेटाङ नगरपालिकाको श्रमिक सञ्चालन समितिको मिति २०.............. को निर्णयानुसार तपाईंलाई श्रमिक सञ्चालन समितिको उपाध्यक्ष पदमा मनोनयन गरिएको छ। लेटाङ नगरपालिकको श्रम क्षेत्र सुधार गरी श्रमिकको हित र आर्थिक विकासमा यहाँको उच्च स्तरीय योगदान रहने अपेक्षा गर्दै समिति उपाध्यक्ष मनोनित हुनुभएकोमा हार्दिक बधाई सहित कार्य सफलताको शुभकामना व्यक्त गरिएको छ। तपाईको पदावधि मनोनयन भएको मितिले २ वर्षको हुने छ।

अध्यक्ष

नाम थर

हस्ताक्षर

**अनुसूची ४**

दफा ५(४) को अनुसार

श्रमिक /व्यवसायी सूचिकरणको लागि निवेदनको ढाँचा

मितिः

श्री ..................................................ज्यू,

......................................, लेटाङ नगरपालिका ...... मोरङ।

प्रस्तुत विषयमा लेटाङ नगरपालिकाको श्रमिक सञ्चालन कार्यविधिअनुसार श्रमिक सदस्यको रूपमा सुचिकरणको लागि तपशिलको कागजात सहित निवेदन पेश गरेको छु।

निवेदक/व्यवसायीको नाम

नामः

ठेगानाः

व्यवसायको क्षेत्र/नामः

हस्ताक्षरः

मितिः

**अनुसूची ५**

दफा ५(५) अनुसार

## लेटाङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**श्रमिक संञ्चालन समिति**

## सूचिकृत श्रमिकको परिचय-पत्र

परिचयपत्र नं.=======

नामः==========

नागरिकता नं---------------

ठेगाना-----------------

सुचिकरण भएको मितिः-------------

प्रमाणित गर्नेको नाम------

पद-----------------

दस्तखत----------

मिति----------